# नवउद्यमी युवा प्रतिभा पहिचान तथा प्रोत्साहन कार्यक्रम सञ्चालन मार्गदर्शन, २०८१

सामाजिक विकास मन्त्रालय

प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
कोशी प्रदेश, विराटनगर, नेपाल

# नवउद्यमी युवा प्रतिभा पहिचान तथा प्रोत्साहन कार्यक्रम सञ्चालन मार्गदर्शन, २०८१

सामाजिक विकास मन्त्रालयको चालु आ.व.२०८१/८२ का लागि स्वीकृत वार्षिक कार्यक्रम ब.उ.शी.नं. ३५०००१०६, खर्च शीर्षक २२५२२, क्रियाकलाप नं २.५.११.८८ मा व्यवस्था भएको "नवउद्यमी युवा प्रतिभा पहिचान तथा प्रोत्साहन कार्यक्रम" सञ्चालन गर्नका लागि कोशी प्रदेश विनियोजन ऐन, २०८१ को दफा ११ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी मन्त्रालयले यो मार्गदर्शन स्वीकृत गरेको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो मार्गदर्शनको नाम "नवउद्यमी युवा प्रतिभा पहिचान तथा प्रोत्साहन कार्यक्रम सञ्चालन मार्गदर्शन २०८१" रहेको छ।

(२) यो मार्गदर्शन सामाजिक विकास मन्त्रालयबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मार्गदर्शनमा,-

(क) "कार्यक्रम" भन्नाले यस मार्गदर्शन बमोजिम युवाहरूलाई सहभागी गराई सञ्चालन हुने युवा प्रतिभा पहिचान तथा प्रोत्साहन कार्यक्रम सम्झनु पर्छ।

(ख) "नवउद्यम" भन्नाले युवाद्वारा वस्तु वा सेवाको उत्पादन सञ्चालन र वितरणमा नविनतम सोचको प्रयोग गरी कम्तीमा पनि एक वर्ष अघिबाट व्यावसायिक रुपमा सञ्चालन भई स्तरोन्नतीको सम्भावना रहेको र पाँच वर्षभन्दा बढी पुरानो नभएको लघुउद्यम सम्झनु पर्छ।

(ग) "नवउद्यमी" भन्नाले नवउद्यमका सञ्चालक र साझेदारीमा भए बढीमा दुई जना सञ्चालक सम्झनु पर्छ।

(घ) "प्रोत्साहन" भन्नाले यस मार्गदर्शन बमोजिम प्रदेश सरकारद्वारा नवउद्यमीलाई प्रदान गरिने नगद पुरस्कार तथा अन्य सहयोग र प्रोत्साहन सम्झनु पर्छ।

(ङ) "मन्त्रालय" भन्नाले सामाजिक विकास मन्त्रालय कोशी प्रदेश सम्झनु पर्छ।

(च) "मूल्याङ्कन समिति" भन्नाले दफा ५ बमोजिम गठित समिति सम्झनु पर्छ।

(छ) "युवा" भन्नाले कार्यक्रमका सन्दर्भमा सोह्रदेखि चालिस वर्ष उमेर समूहका व्यक्ति सम्झनु पर्छ।

(ज) "लघु तथा घरेलु उद्यम" भन्नाले औद्योगिक व्यवसाय ऐन, २०७६ को दफा १७ को (क) र (ख) बमोजिमको आधारमा यस मार्गदर्शनको दफा ६ मा उल्लिखित मापदण्डका उद्योग सम्झनु पर्छ ।

३. **कार्यक्रम सञ्चालन प्रक्रियाः** कार्यक्रम सञ्चालन गर्नका लागि देहाय बमोजिमको प्रक्रिया अपनाइनेछः-

(क) मन्त्रालयले प्रदेशका नवउद्यमी युवाहरूबाट आफूले सञ्चालन गरिरहेको व्यवसायको विस्तृत विवरण सम्बन्धी व्यवसायिक प्रोफाईल सहित अनुसूची -१ बमोजिमको ढाँचामा निवेदन पेस गर्नका लागि २१ दिनको समय दिई सूचना प्रकाशन गर्नेछ।

(ख) निवेदन दिने म्याद सकिएको भोलिपल्ट प्रस्ताव पेस गर्ने नवउद्यमीहरूको नामावली देवनागरी लिपिको वर्णानुक्रम अनुसार तयार गरी मन्त्रालयको वेबसाइटमा प्रकाशित गरिनेछ।

(ग) नवउद्यमीहरूबाट प्राप्त व्यावसायिक प्रोफाइल मूल्याङ्कन गर्न दफा ४ बमोजिमको मूल्याङ्कन समिति गठन गरिनेछ।

(घ) मूल्याङ्कन समितिको निर्णयबाट पहिलो, दोस्रो, तेस्रो र सान्त्वना स्थान हासिल गर्ने प्रतियोगीलाई अनुसूची - २ बमोजिमको ढाँचाको प्रमाणपत्र र नगद पुरस्कार प्रदान गरिनेछ।

(ङ) पहिलो, दोस्रो, तेस्रो स्थान हासिल गर्ने प्रतियोगीलाई राष्ट्रिय स्तरमा प्रतियोगिता सञ्चालन भएमा सो प्रतियोगितात्मक कार्यक्रममा सहभागी हुन सिफारिस सहित पठाइनेछ।

४. <u>मूल्याङ्कन समितिको गठन:</u> (१) प्रतियोगीहरूको मूल्याङ्कन गर्न देहाय बमोजिमको एक मूल्याङ्कन समिति रहनेछ।

(क) मन्त्रालयको युवा सम्बन्धी विषय हेर्ने महाशाखा प्रमुख – संयोजक

(ख) मन्त्रालयले तोकेको क्याम्पसका व्यवस्थापन विषयका प्राध्यापक मध्येबाट विज्ञ एकजना – सदस्य

(ग) मन्त्रालयले तोकेको घरेलु तथा लघु उद्योग सम्बन्धी विज्ञ एकजना – सदस्य

(२) युवा तथा खेलकुद शाखाका अधिकृत कर्मचारी सहित बढीमा दुई जनालाई मूल्याङ्कन समितिले व्यवस्थापकीय कार्यमा सहभागी गराउनेछ।

५. <u>मूल्याङ्कन समितिको भूमिका:</u> (१) मूल्याङ्कन समितिको भूमिका देहाय बमोजिम हुनेछः-

(क) आवश्यकता अनुसार उद्यमको स्थलगत निरीक्षण गरी नवउद्यमी युवाहरूको प्रदर्शनी तथा प्रस्तुतीकरणको मिति तय गर्ने,

(ख) नवउद्यमी युवाको सङ्ख्याका आधारमा मूल्याङ्कन तथा छनोट कार्य सम्पन्न हुने गरी कार्यक्रम प्रारम्भ गर्ने,

(ग) कार्यक्रममा प्रतियोगीहरूलाई देवनागरी लिपिको वर्णानुक्रम अनुसारको पालोमा मूल्याङ्नकर्ता, सहभागी तथा दर्शक स्रोता समक्ष प्रस्तुतीकरणको व्यवस्था मिलाउने,

(घ) स्थलगत निरीक्षण, अनुगमन र प्रस्तुतीको मूल्याङ्कनका आधारमा नतिजा घोषणा गर्ने,

(ङ) अनुसूची - ३ बमोजिमको ढाँचामा मूल्याङ्न फाराममा अलग अलग मूल्याङ्कन गरी अङ्क प्रदान गर्नुपर्ने,

(च) खण्ड (ङ) बमोजिम प्रदान गरिएको अङ्कको अनुसूची - ४ बमोजिमको समष्टीगत मूल्याङ्कन फाराममा तीनै जना मूल्याङ्नकर्ताले प्रदान गरेको अङ्क जोडगरी औसत अङ्क निकाल्ने र नतिजा घोषणा गरी तीनैजना मूल्याङ्नकर्ताले दस्तखत गरी प्रमाणित गर्ने।

(२) यस मार्गदर्शनमा उल्लेख नभएका मूल्याङ्नसम्बन्धी अन्य प्रक्रिया मूल्याङ्न समितिले व्यवस्थित गर्न सक्नेछ।

(३) मूल्याङ्कन समितिका सदस्यहरूलाई नियमानुसारको बैठक भत्ता र तोकिएको पारिश्रमिक उपलब्ध गराइने छ।

(४) मूल्याङ्कनर्ताले गरेको मूल्याङ्न अन्तिम हुनेछ। यस उपर कुनै पुनरावेदन हुने छैन।

६. <u>नवउद्यमीहरूको प्राथमिकता निर्धारण:</u> (१) प्राप्त प्रस्तावहरूमध्ये मूल्याङ्कन समितिले लघु तथा घरेलु उद्यम र कृषिमा आधारित उत्पादनमूलक उद्यम/व्यवसायलाई प्राथमिकता दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको लघु उद्यम र घरेलु उद्यमको मापदण्ड देहाय बमोजिम रहेको हुनु पर्नेछः-

| लघु उद्यमको मापदण्ड | घरेलु उद्यमको मापदण्ड |
|---|---|
| (१) घर जग्गा बाहेक बढिमा बीस लाख रुपैयासम्मको स्थिर पुँजी रहेको,<br>(२) उद्यमी स्वयम् उद्योगको सञ्चालन र व्यवस्थापनमा संलग्न रहेको,<br>(३) बार्षिक कारोबार एक करोड रुपैयाभन्दा कम रहेको,<br>(४) इञ्जिन उपकरण वा मेशिनको प्रयोग गरेको भएमा बिद्युतिय उर्जा इन्धन वा अन्य तेल इञ्जिनको क्षमता बीस किलोवाट भन्दा कम रहेको। | (१) परम्परागत सीप र प्रविधिमा आधारित,<br>(२) श्रममूलक र खास सीप वा स्थानीय कच्चा पदार्थ स्थानीय प्रविधि कला तथा सँस्कृतिमा आधारित,<br>(३) इञ्जिन उपकरण वा मेसिनरी प्रयोग गरेको भएमा बढीमा पचास किलोवाटसम्मको<br>(४) लघु तथा घरेलु उद्यम एक बर्षदिखी सञ्चालनमा रहेको हुनुपर्ने र पाँच बर्षभन्दा पुरानो नभएको हुनुपर्ने। |

(३) विगतका २ आर्थिक वर्षमा यस प्रतियोगितामा सहभागी भई पुरस्कृत भएका उद्यमीले यस वर्षको प्रतियोगितामा भाग लिन पाउँने छैनन्।

७. <u>प्रतियोगिताको पुरस्कार तथा सम्मानः</u> (१) प्रतियोगितामा पहिलो, दोस्रो, तेस्रो स्थान हासिल गर्ने नवउद्यमी युवा प्रतियोगीहरूलाई प्रमाणपत्र र नगद पुरस्कार प्रदान गरिनेछ । अन्य दुईजनासम्मलाई सान्त्वना पुरस्कार प्रमाणपत्र प्रदान गरिनेछ। साथै, प्रतियोगितामा सहभागी सबै युवाहरूलाई सहभागिताको प्रमाणपत्र प्रदान गरिनेछ।

(२) उपदफा (१) बमोजिमको नगद पुरस्कारको राशि देहाय बमोजिम हुनेछः-

(क) पहिलो स्थान हासिल गर्ने एकजनालाई रु.१,००,०००/-

(ख) दोस्रो स्थान हासिल गर्ने एकजनालाई रु.७५,०००/-

(ग) तेस्रो स्थान हासिल गर्ने एकजनालाई रु.५०,०००/-

(घ) सान्त्वना सान्त्वना पुरस्कार दुईजनासम्मलाई रु.३०,०००/- का दरले

८. <u>आर्थिक व्यवस्थापनः</u> (१) कार्यक्रम सञ्चालन तथा व्यवस्थापन गर्न कार्यक्रम शीर्षकमा विनियोजन भएको रकमबाट प्रस्ताव पेस गर्ने प्रतियोगी उद्यमको स्थलगत अनुगमन खर्च, वैठक भत्ता, मूल्याङ्कन समितिको खर्च, खाजा खर्च, कार्यक्रम स्थलको ब्यवस्थापन, प्रतिवेदन तयारी, प्रमाणपत्र, पुरस्कार र आउने सहभागीहरूको दैनिक तथा भ्रमणभत्ता लगायत प्रतियोगिता सञ्चालन सम्बन्धी आवश्यक पर्ने शीर्षकहरूमा खर्च गरिनेछ।

(२) प्रतियोगिता कार्यक्रममा आउँदा र फर्कदाको सम्बन्धित स्थानीय तहबाट प्रतियोगिता स्थलसम्मको दुरी हेरी बढीमा ७ दिनसम्मको प्रतिदिन रु.१,२००/- का दरले दैनिकभत्ता र नियमानुसारको बस भाडा तथा आवश्यकता अनुसार प्रदर्शनीका लागि निर्मित सामग्रीको ढुवानी खर्च लाग्ने प्रकृतिको देखिएमा मन्त्रालयबाट स्वीकृत गराइ ढुवानी वापत वढीमा रु ५०००/- (पाँच हजार) उपलव्ध गराइनेछ।



प्रदेश सचिव

मन्त्री

(३) पहिलो, दोस्रो, तेस्रो स्थान हासिल गर्ने प्रतियोगीलाई राष्ट्रिय स्तरमा प्रतियोगिता सञ्चालन भएमा सो प्रतियोगितात्मक कार्यक्रममा सहभागी हुन पठाइएमा कार्यक्रममा आउँदा र फर्कदाको दुरी हेरी बढिमा ७ दिनसम्मको प्रतिदिन रु.१,२००/- का दरले दैनिकभत्ता र नियमानुसारको बस भाडा तथा आवश्यकता अनुसार प्रदर्शनीका लागि निर्मित सामग्रीको ढुवानी खर्च लाग्ने प्रकृतिको देखिएमा मन्त्रालयका सचिवबाट स्वीकृत गराई ढुवानी वापत वढीमा रु ५०००/- (पाँच हजार) उपलव्ध गराइनेछ ।

९. <u>बाधा अडकाउ फुकाउ</u>: यो मार्गदर्शनको कार्यान्वयनमा कुनै समस्या आएमा यस मार्गदर्शन तथा प्रचलित कानूनको प्रतिकुल नहुने गरी मन्त्रीस्तरको निर्णयबाट त्यस्तो बाधा अडकाउ फुकाउन सकिनेछ।

१०. <u>संशोधन तथा खारेजी:</u> यस मार्गदर्शनमा आवश्यकता अनुसार संशोधन वा खारेजी गर्ने अधिकार मन्त्रालयमा निहित रहनेछ।

प्रदेश सचिव

प्रदेश सरकार सामाजिक विकास मन्त्रालय कोशी प्रदेश विराटनगर, नेपाल

मन्त्री

सामाजिक विकास मन्त्रालय

अनुसूची -१

(दफा ३ को खण्ड (क) सँग सम्बन्धित)

## प्रतियोगितामा सहभागी हुनका लागि दिने निवेदनको ढाँचा

मिति :- २०८१/ /

श्री सामाजिक विकास मन्त्रालय
कोशी प्रदेश, विराट्नगर ।

विषय :- नवउद्यमी युवा प्रतिभा पहिचान तथा प्रोत्साहन प्रतियोगितामा सहभागी हुन पाऊँ।

प्रस्तुत विषयमा तहाँ मन्त्रालयको मिति / / गते प्रकाशित सूचनामा उल्लेख भए बमोजिम देहायका विवरण तथा कागजातहरू संलग्न गरी कार्यक्रममा सहभगिताका लागि निवेदन पेश गर्दछु ।

(क) उद्यमको संक्षिप्त परिचय :
स्थापनाको पृष्ठभूमि (एक प्याराग्राफसम्म) :
उद्यमको नाम :
स्थापना मितिः
रजिष्टर्ड ठेगाना :
सम्पर्क फोन न :
ईमेल ठेगाना :
उद्यम सञ्चालन स्थल (पुरा ठेगाना ) :
सञ्चालक/ व्यवस्थापकको नाम (बढीमा २ जना सम्म):
सञ्चालक/ व्यवस्थापकको मोबायल नं :
पुँजीको विवरण : ( स्थिर पुँजी घर जग्गा बाहेक )
वित्तीय श्रोत तथा लगानी : (आन्तरिक बाह्य लगानी)
वार्षिक कारोबार रकमः
कच्चा पदार्थको श्रोत : (स्वदेशी , विदेशी, स्थानीय रुपमा उपलब्ध, वा बाहिरबाट ल्याउनुपर्ने)
प्रमुख उत्पादन वा सेवा : (हालको उत्पादन)
वार्षिक उत्पादन क्षमता :

(ख) बजारीकरणको अवस्था (स्थानीय, क्षेत्रीय, राष्ट्रिय, अन्तर्राष्ट्रिय) बढीमा एक प्याराग्राफसम्मः

(ग) जनशक्तिको विवरण :
हाल कार्यरत :
स्थायी :
अस्थायी :
संलग्न प्राविधिक जनशक्ति/विषय विज्ञ :
थप रोजगारी सृजनाको सम्भावना :



प्रदेश सरकार सामाजिक विकास मन्त्रालय

सचिव

मन्त्री

(ग) नवीनतम् प्रविधि वा रणनीतिको प्रयोग सम्बन्धी विवरण:(वस्तु /सेवा उत्पादन प्रकृया वा वितरण प्रकृया वा व्यवस्थापन वा वजारीकरणमा अपनाईएको नवीनतम रणनीतिको विवरण)

(घ) वार्षिक कारोबार रकम :

(ङ) उद्यम कार्यान्वयनमा देखिएका समस्या :

(च) समस्या समाधानका लागि गरिएका प्रयास :

(छ) उद्योगको भावी सम्भावना सहितको कार्य योजना :

(ज) स्टार्टअप सपोर्टको आवश्यकता :

संलग्न विवरण तथा कागजातहरू :-

१. उद्यमीद्वारा प्रमाणित गरेको प्रस्तावनापत्र

२. उद्यमसँग सम्बन्धित विस्तृत प्रोफाइल

३. सञ्चालकको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि

४. उद्यम दर्ता, पान नं. प्रबन्धपत्र तथा नविकरणको प्रतिलिपि

५. उद्यम सञ्चालित स्थानीय तह वा वडाको सिफारिस

निवेदक

दस्तखत : ....................

नाम, थर : ...........................

उद्यमको नाम र छाप

सामाजिक विकास मन्त्रालय

प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
कोशी प्रदेश
विराटनगर, नेपाल

प्रदेश सचिव

मन्त्री

अनुसूची -२

(दफा ३ को खण्ड (घ) सँग सम्बन्धित)

<u>प्रमाणपत्रको ढाँचा</u>

प्रदेश सरकार

## सामाजिक विकास मन्त्रालय

कोशी प्रदेश

## प्रमाणपत्र

श्री ..................,

..............., .................. ।

सामाजिक विकास मन्त्रालय कोशी प्रदेशद्वारा आयोजित "नवउद्यमी युवा प्रतिभा पहिचान तथा प्रोत्साहन कार्यक्रम" अन्तर्गत प्रदेश स्तरीय प्रतियोगितामा सहभागी भई ........... स्थान हासिल गर्न सफल हुनु भएकाले यहाँको प्रतिभाको उच्च कदर गर्दै प्रोत्साहन स्वरुप नगद रु......./- (.......... रुपैयाँ) सहित यो प्रमाण-पत्र प्रदान गरिएको छ। पुरस्कृत हुनुभएकोमा हार्दिक बधाइ ज्ञापन गर्दै नेपाल र नेपाली युवाको समृद्धिका लागि भविष्यमा यहाँको उल्लेखनीय योगदानको अपेक्षासहित सफल उद्यमी बन्नका लागि हार्दिक शुभकामना व्यक्त गर्दछौं।

| | | |
|---|---|---|
| ............................ | ............................ | .................... |
| मूल्याङ्न समिति संयोजक | सचिव | मन्त्री |

मिति :- २०८१/ /

6

प्रदेश सचिव

मन्त्री

प्रदेश सरकार सामाजिक विकास मन्त्रालय कोशी प्रदेश विराटनगर, नेपाल

सामाजिक विकास मन्त्रालय

## अनुसूची - ३

(दफा ५ को उपदफा (१) को खण्ड (ङ) सँग सम्बन्धित)

### मूल्याङ्कन फाराम

| क्र. सं. | प्रतियोगीको नाम, थर | प्राप्ताङ्क | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | उद्यममा नवप्रवर्तन/श्रृजनात्मकता (१०) | उद्यममा प्रयोग भएको जनशक्ति र कच्चापदार्थ (२०) | उद्यमबाट उत्पादन हुने वस्तु तथा सेवाको बजारीकरण (१०) | प्रस्ताव बमोजिम उद्यमको स्थलगत अवलोकन (२०) | लगानी र प्रतिफल (१०) | स्वरोजगार/ रोजगारी सृजनाको अवस्था र सम्भाव्यता (१०) | जोखिम लिने क्षमता (१०) | प्रतियोगितामा प्रस्तुतीकरण र मौलिकता (१०) | जम्मा (१००) |
| १ | | | | | | | | | | |
| २ | | | | | | | | | | |
| ३ | | | | | | | | | | |
| ४ | | | | | | | | | | |
| ५ | | | | | | | | | | |

..............................

मूल्याङ्कनकर्ताको दस्तखत

नाम :- ..............................

कोड :- क/ख/ग

प्रदेश सचिव

मन्त्री

सामाजिक विकास मन्त्रालय

अनुसूची-४

(दफा ५ को उपदफा (१) को खण्ड (ङ) सँग सम्बन्धित)

## समष्टिगत मूल्याङ्कन फाराम

| क.सं. | प्रतियोगीको नाम, थर | प्राप्ताङ्क | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | मूल्याङ्कनकर्ता क | मूल्याङ्कनकर्ता ख | मूल्याङ्कनकर्ता ग | जम्मा | औसत | नतिजा | कैफियत |
| १ | | | | | | | | |
| २ | | | | | | | | |
| ३ | | | | | | | | |
| ४ | | | | | | | | |
| ५ | | | | | | | | |
| ६ | | | | | | | | |
| ७ | | | | | | | | |
| ८ | | | | | | | | |
| ९ | | | | | | | | |
| १० | | | | | | | | |

.............................
मूल्याङ्नकर्ताको दस्तखत
नाम :- .........................
कोड :-
मिति :- / /

.............................
मूल्याङ्नकर्ताको दस्तखत
नाम :- ...........................
कोड :-

.............................
मूल्याङ्नकर्ताको दस्तखत
नाम :- ............................
कोड :-

प्रदेश सरकार सामाजिक विकास मन्त्रालय कोशी प्रदेश विराटनगर, नेपाल

प्रदेश सचिव

मन्त्री

सामाजिक विकास मन्त्रालय